वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १८० | २०८२ कात्तिक २३ गते आइतबार, नेपाल सम्वत् ११४६ November 09, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-









**ऋषिङ पाटनको फाँटमा पाक्यो धान :** तनहुँको भिमाद नगरपालिका–५ ऋषिङ पाटनको फाँटामा धान पाकेर पहेलपुर देखिएको छ । असारमा रोपिएको धानको विऊ पाकेपछि यहाँका कृषकहरू धान थन्काउने चटारोमा छन् । *तस्विर : भञ्ज्याङ*

## तनहुँमा बालबालिकालाई 'स्वर्णविन्दु प्राशन' गराइने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा बालबालिकालाई 'स्वर्णविन्दु प्राशन' गराइने भएको छ । एक वर्षदेखि पाँच वर्षमुनिका बालबालिकालाई स्वर्णविन्दु प्राशन गराउन लागिएको हो । नेपाल सरकारको कार्यक्रम अनुसार गण्डकी प्रदेशको तनहुँको प्रदेश आयुर्वेद चिकित्सकालय, बागलुङको धौलागिरी प्रादेशिक आर्युर्वेद चिकित्सालय, कास्कीको गण्डकी आयुर्वेद अस्पताल र गण्डकी प्रदेश सरकारले नवलपुरको प्रदेश आयुर्वेद चिकित्सालयबाट पाइलट कार्यक्रमका रूपमा स्वर्णविन्दु प्राशन खुवाउने कार्यक्रम सुरू गर्न लागेको प्रदेश आयुर्वेद चिकित्सकालय तनहुँका प्रमुख डा नारायण श्रेष्ठले जानकारी दिए।



तनहुँमा यही कात्तिक २५ गते बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाउने उनले जानकारी दिए । अस्पतालमा बिहान ७ बजेदेखि १० बजेसम्म बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाइनेछ । जिल्लामा पहिलो पटक भएकाले कति बालबालिकालाई खुवाइन्छ भन्ने एकिन नभएकाले यो पटक आउने संख्याले आगामी दिनमा सहज हुने उनको भनाइ छ । नेपालका २५ वटा जिल्लामा यस वर्षबाट स्वर्णविन्दु प्राशन खुवाउने कार्यक्रम सुरू भएको बताउँदै उनले प्रत्येक कुशे नक्षत्रको समय पारेर बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाइने उल्लेख गरे ।

श्रेष्ठका अनुसार स्वर्णविन्दु प्राशन यही कात्तिक २५ गते, मंसिर २२ गते, पुस २१ गते, माघ १८ गते, फागुन १६ गते, चैत १४ गते, वैशाख १०, जेठ ६ गते, असार ३ गते, साउन ९ गते, भदौ ५ गते र असोज २९ गते खुवाइनेछ।

स्वर्णभष्म, घिउ र महको मात्रा मिलाएर स्वर्णविन्दु प्राशन बनाइने बताउँदै डा. श्रेष्ठले यो चिकित्सकको प्रत्यक्ष निगरानीमा खुवाइने जानकारी दिए । नेपाल सरकारले निर्माण गरेको कार्यविधि अनुसार एक वर्षदेखि दुई वर्षका बालबालिकालाई दुई थोपा र दुई वर्षमाथि पाँच वर्षका बालबालिकालाई चार थोपा प्रत्येक महिनाको कुशे नक्षत्रमा स्वर्णविन्दु प्राशन सेवन गराउने उनले बताए।

श्रेष्ठका अनुसार स्वर्णविन्दु प्राशनले बालबालिकाको उमेर अनुसारको तौल र उचाइ बढ्न सहयोग गर्ने, बौद्धिक क्षमता वृद्धि, रोगसँग लड्ने क्षमता वृद्धि गर्न सहयोग पुग्नेछ। उनले भने, "पहिलो पटक भएकाले कात्तिक २५ गते कतिजना बालबालिका आउँछन्, त्यसका आधारमा आगामी दिनका कार्यक्रम बन्नेछ ।"

ज्वरो, अजीर्ण, झाडापखाला, आउँ, रूघाखोकी, एलर्जी भएका बालबालिकालाई भने यो खुवाउन नहुने श्रेष्ठको भनाइ छ ।

## भानु नगरपालिका : सुशासन, पारदर्शिता र वित्तीय अनुशासन प्रवर्द्धनका लागि कार्ययोजना

**भञ्ज्याङ समाचारदाता**/भानु

तनहुँको भानु नगरपालिकाले सुशासन, पारदर्शिता, वित्तीय अनुशासन र जवाफदेहिता सुदृढ पार्ने उद्देश्यले विस्तृत कार्ययोजना सार्वजनिक गरेको छ । नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको सिफारिसमा तयार गरिएको उक्त योजना नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा लागू गरिने भएको छ ।




नगरपालिकाले यस कार्ययोजनालाई "ईमानदार प्रशासन, पारदर्शी प्रक्रिया र उत्तरदायी सेवा" भन्ने मूल नाराका साथ अघि बढाउने सुशान समितिका संयोजक एवं वडा नं. ७ का वडाध्यक्ष खुम प्रसाद श्रेष्ठ बताए। उनका अनुसार सुशासन प्रवर्द्धनका लागि सेवा प्रवाहमा सुधार, वित्तीय अनुशासनमा मजबुती, आचारसंहिता कार्यान्वयन र अनुगमन संयन्त्रलाई प्राथमिकतामा राखिएको छ ।

**आचारसंहिता कार्यान्वयन र भ्रष्टाचारमाथि शून्य सहनशीलता**

नगरपालिकाले सबै जनप्रतिनिधि र कर्मचारीका लागि आचारसंहिता कडाइका साथ लागू गर्ने निर्णय गरेको छ । तोकिएको कार्यालय समयमा अनिवार्य उपस्थिति, सेवाग्राहीसँग सभ्य व्यवहार र व्यक्तिगत स्वार्थमा आधारित निर्णयमा प्रतिबन्ध लगाउने गरी आचारसंहिता तयार भएको प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठले जानकारी गराए ।

नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निगरानीमा आचारसंहिता उल्लंघन गर्ने कर्मचारी वा जनप्रतिनिधिमाथि कारबाहीको व्यवस्था गरिएको छ भने अनियमितता र भ्रष्टाचारमाथि 'शून्य सहनशीलता' नीति अपनाइने नगरपालिकाले जनाएको छ।

**सेवा प्रवाहमा सहजता र डिजिटल प्रणालीको विस्तार**

यस्तै, नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिँदै नगरपालिकाले वडास्तरमै 'घुम्ती सेवा' सञ्चालन गर्ने तयारी गरेको छ । टाढा र दुर्गम बस्तीका नागरिकका लागि दर्ता, सिफारिस, कर भुक्तानीलगायतका काम सहज बनाइने भएको छ ।

नगरपालिकाका सबै वडामा दर्ता–चलानी सफ्टवेयर अनिवार्य रूपमा लागू गरिने र ई–गभर्नेन्स प्रणालीमार्फत सेवा प्रवाहका समयसीमा स्पष्ट तोकिने तयारी गरिएको र नागरिक वडापत्रमा तोकिएका मापदण्ड र समयसीमाको पूर्ण पालना नगरपालिकाको अनिवार्य दायित्व हुने बताइएको छ ।

**वित्तीय अनुशासन र पारदर्शी खर्च प्रणाली**

भानु नगरपालिकाले वित्तीय व्यवस्थापनमा पारदर्शिता र मितव्ययिता कायम राख्ने नीति लिएको छ। अनावश्यक प्रशासनिक खर्च कटौती गर्दै विकासमुखी खर्चमा प्राथमिकता दिने निर्णय गरेको नगरपालिकाले बेरूजु न्यूनीकरण अभियानलाई तीव्रता दिँदै सार्वजनिक खरिद प्रक्रियामा ई–प्रोक्योरमेन्ट प्रणाली लागू गर्ने भएको छ ।

त्यस्तै, प्रत्येक आयोजना, ठेक्का सम्झौता, खर्च विवरण र प्रगति प्रतिवेदन नियमित रूपमा नगरपालिकाको सूचना पाटी र वेबसाइटमा सार्वजनिक गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्दै हरेक शाखाको साप्ताहिक अडिट गरिने व्यवस्था पनि गरिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी गराए।

**कार्यशैली सुधार र कर्मचारी क्षमतावृद्धि**

नगरपालिकाले कर्मचारीहरुलाई परिणाममुखी तालिम प्रदान गर्ने र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कार दिने नीति ल्याएको छ। नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता गरिनेछ, जसको त्रैमासिक मूल्याङ्कन हुने बताइएको छ । आचारसंहिता उल्लंघन गर्ने कर्मचारी वा जनप्रतिनिधिमाथि चेतावनीदेखि विभागीय


बाँकी दोश्रो पेजमा


## वर्षाले देशभर कृषि र पशुपन्छी क्षेत्रमा तीन अर्ब ५५ करोडको क्षति

**रासस**/काठमाडौं

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गत असोजमा भएको भारी वर्षाका कारण देशभर कृषि तथा पशुपालनका क्षेत्रमा तीन अर्ब ५५ करोडको क्षति भएको जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भारी वर्षाका कारण कृषि बाली, पशुपन्छी, पूर्वाधार र बीउबिजनतर्फ भएको क्षतिको विवरण संकलन गरेको हो । मन्त्रालय मातहतका सबै प्रदेशमा रहेका कृषि कार्यालयले सम्बन्धित स्थानीय तहको समन्वय र सहयोगमा क्षतिको तथ्याङ्क संकलन गरेका हुन् ।

मन्त्रालयले संकलन गरेको तथ्याङ्कका आधारमा बाढीबाट प्रभावित किसानलाई सहयोग, सुविधा, बिमाको सहजीकरण तथा राहत उपलब्ध गराउन राष्ट्रिय विपद् प्राधिकरणसँग मन्त्रालयले समन्वय गर्ने सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्रालयले क्षतिको थप विश्लेषण गर्न कार्यदल गठन गरेको छ ।

खेतमा काटेर राखिएको धान


बाँकी तेश्रो पेजमा

# संघीय संरचना : भूगोलअनुकूल कि राजनीतिक सहमतिको परिणाम ?

नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरेसँगै तीन तहका सरकार- संघ, प्रदेश र स्थानीय तह सञ्चालनमा आएका छन्। संघीयताको मुख्य उद्देश्य के थियो भने, देशका सबै भूभागमा सन्तुलित विकास होस्, दुर्गम गाउँदेखि शहरी बजारसम्म समान अवसर र पहुँच सुनिश्चित होस्, नागरिकले आफ्नै गाउँठाउँमै शासनको अनुभूति गर्न सकोस् । तर संघीयता लागू भएको करिब एक दशक पुग्दा पनि ती अपेक्षाहरू धेरै हदसम्म अपूरा देखिन्छन्।

विशेष गरी तनहुँको उत्तरी भेग, माथिल्ला डाँडाकाँडा र दुर्गम गाउँहरु अझै पनि स्वास्थ्य, शिक्षा, सडक, खानेपानी, रोजगार जस्ता आधारभूत सेवाबाट वञ्चित छन् । संघीय संरचनाबाट अपेक्षित परिवर्तन र सन्तुलन त्यहाँ पुग्न सकेको छैन । यसको प्रमुख कारण संघीय संरचना निर्माणमा भूगोलभन्दा बढी राजनीतिक सहमति र समीकरणलाई प्राथमिकता दिनु हो ।

संघीयता लागू गर्दा न त भूगोलको वास्तविकता र पहुँचका कठिनाइहरूलाई ध्यान दिइयो, न त विकासका आवश्यक पूर्वाधारका आधारमा पालिका र वडाको सीमांकन गरियो । बरू राजनीतिक दलहरूको स्वार्थ, भोट बैंक र जनसंख्या सन्तुलन जस्ता कारकले संरचनाको रूप निर्धारण गरे । फलस्वरूप, पहाडका दुर्गम गाउँ र बजार क्षेत्र एउटै बजेट संरचनामा परे- तर आवश्यकतामा आकाश-पातालको फरक रह्यो ।

गाउँमा सडक बनाउँदा, विद्यालय वा स्वास्थ्यचौकी स्थापना गर्दा लागत निकै उच्च हुन्छ । तर नीति र योजना बनाउँदा ती वास्तविकताहरूलाई ध्यान नदिंदा गाउँलेहरु अझै राज्यको सेवाबाट टाढा छन् । संघीयताको मर्म नै जनताको घरदैलोमा शासन पुगोस् भन्ने हो, तर व्यवहारमा यो केवल प्रशासनिक पुनर्संरचनामा सीमित देखिन्छ ।

यदि संघीय संरचना भूगोलअनुकूल बनाइएको भए- माथिल्लो डाँडाको गाउँदेखि तलको बजारसम्मको पहुँच र आवश्यकतालाई केन्द्रमा राखिएको भए- आज विकासको स्वरूप फरक हुन सक्थ्यो। प्रत्येक स्थानीय तहमा योजनाको प्राथमिकता भूगोल र सामाजिक यथार्थसँग मिल्ने गरी तय हुनुपर्ने थियो । सडक, स्वास्थ्य, शिक्षा, कृषि, बजार र जलस्रोत व्यवस्थापनका योजना त्यही आधारमा बन्यो भने मात्रै संघीयताको उद्देश्य पूरा हुन सक्छ ।

तर अहिलेका योजनामा त्यो सोच कमै देखिन्छ । धेरै ठाउँमा सहर नजिकका बस्तीले बढी लाभ पाउँछन्, जबकि दुर्गम गाउँका बासिन्दा अझै हिउँदमा बाटो नखुलेर अस्पताल पुग्न नसक्ने अवस्थामै छन् । यसले संघीयताको वास्तविक आत्मालाई प्रश्नमा ल्याएको छ ।

संघीयता केवल शासनको तह बढाउने प्रक्रिया होइन- यो लोकतान्त्रिक सहभागिताको आधार हो । यसको सार गाउँका नागरिकले प्रत्यक्ष निर्णय प्रक्रियामा सहभागी हुन पाउनु हो । तर जब गाउँका बासिन्दाले राज्यको उपस्थिति महसुस गर्न सक्दैनन्, सेवा र सुविधा पाउन सक्दैनन्, त्यतिबेला संघीयताको आत्मा नै कमजोर हुन्छ ।

विकास र पहुँचको असमानता घटाउन अब संघीय संरचनाको पुनरावलोकन अनिवार्य देखिन्छ । राजनीतिक सहमतिको भरमा बनाइएका सीमांकनहरूलाई भौगोलिक यथार्थअनुसार परिमार्जन गर्नुपर्छ। स्थानीय तहले बजेट र योजना बनाउँदा दुर्गम गाउँलाई प्राथमिकतामा राख्नुपर्छ, किनभने त्यहाँ सेवा विस्तारको लागत र चुनौती दुवै फरक छन् ।

त्यस्तै, विकास बजेट वितरण गर्दा दुर्गम र सुलभ क्षेत्रबीच फरक पहिचान आवश्यक छ । विद्यालय, स्वास्थ्यचौकी, खानेपानी योजना वा सडक विस्तारमा एउटै मापदण्ड प्रयोग गर्नु अन्याय हो । भौगोलिक कठिनाइका कारण दुर्गम गाउँमा पुग्ने एक किलोमिटर सडकले बजारको एक किलोमिटरभन्दा बढी प्रभाव पार्छ- त्यसैले नीति बनाउँदा यस्तो भिन्नतालाई स्वीकार्नुपर्छ ।

संघीयताको सफलता मापन गर्ने आधार पनि यही हुनुपर्छ- दुर्गम गाउँ र बजार क्षेत्र दुबैमा समान अवसर र सुविधा पुगे कि पुगेन ? यदि ग्रामीण क्षेत्रका बासिन्दाले आफ्नै गाउँमा शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर पाउँछन् भने मात्रै उनीहरूले संघीयताको मूल्य महसुस गर्न सक्छन् । अहिले भने त्यस्तो समानता देखिँदैन ।

संघीयता जनताको ढोकासम्म शासन पुगोस् भन्ने विचारसहित आएको थियो । तर आज पनि धेरै गाउँका नागरिकले सरकारी कार्यालयसम्म पुग्न घण्टौं पैदल हिंड्नुपर्छ । संघीयता त्यसबेला मात्र सफल हुन्छ जब नागरिकले आफैं भोगेका कठिनाइ घटेको महसुस गर्छन्-नत्र यो केवल कागजी प्रणालीको नाममा सीमित रहन्छ ।

अबको बाटो स्पष्ट छ- संरचना पुनरावलोकन गरी भूगोलअनुकूल बनाउनुपर्छ । प्रत्येक स्थानीय तहले आफ्नो भौगोलिक अवस्थाअनुसार प्राथमिकता तय गर्नुपर्छ । उदाहरणका रूपमा, पहाडी गाउँका लागि सडक र स्वास्थ्य सेवा पहिलो प्राथमिकता हुन सक्छ भने तराईका गाउँका लागि कृषि र बजार पूर्वाधार मुख्य आवश्यकता हुन सक्छ। एउटै नीतिले सबै ठाउँका समस्या समाधान गर्न सक्दैनन्।




संघीयता स्थायी र सुदृढ बनाउन ग्रामीण भेगका आवाज सुन्ने र उनीहरूको सहभागितामा नीति बनाउने अभ्यास गर्नुपर्छ। संघीयताको अर्थ स्थानीय सशक्तिकरण हो- राजनीतिक सत्ता बाँडफाँड होइन । जनताको जीवनस्तरमा परिवर्तन ल्याउन नसक्ने संघीयता केवल प्रशासनिक भार मात्र बन्छ ।

संघीयताको प्रारम्भिक चरणमै यदि माथिल्लो दुर्गम भेगलाई केन्द्रमा राखेर संरचना तयार गरिएको भए, आजका डाँडाका गाउँहरु यति पछाडि रहने थिएनन्। त्यो बेला भूगोललाई "कात्रो चिरेझैँ" विभाजन गरेर नगर र गाउँ एकै तहमा राख्ने निर्णय राजनीतिक सम्झौताको परिणाम थियो, योजनागत सोचको होइन।

संघीयताको वास्तविकता तब मात्र अनुभूत हुनेछ जब हरेक गाउँले नागरिकले भन्न सक्नेछन्- "अब हामी राज्यदेखि टाढा छैनौं ।" जब गाउँका बासिन्दाले शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका समान अवसर पाउँछन्, तब मात्रै संघीयताको मूल्य प्रकट हुन्छ ।

नेपालको संघीय संरचना हाल भूगोलअनुकूल छैन; यसले राजनीतिक सहमतिको स्वरूपमा आकार लिएको छ । त्यसैले विकास असमान भएको छ, पहुँच र अवसरमा फरक देखिएको छ । अबको समाधान पनि स्पष्ट छ- संरचनाको पुनरावलोकन गर्दै भूगोलअनुकूल संघीयता सुनिश्चित गर्नु, दुर्गम र सुलभ क्षेत्रबीचको फरक आवश्यकतालाई नीति र बजेटमा समेट्नु ।

संघीयता तब मात्र सफल हुनेछ जब यो साँच्चै जनताको जीवनमा स्पर्श गर्ने शासन प्रणाली बन्नेछ- जब डाँडाकाँडाका बासिन्दाले शासनको हात आफ्नो ढोकामा महसुस गर्नेछन् । संघीयताको सार त्यही हो- समानता, पहुँच र सहभागितामार्फत विकासको वास्तविक अनुभूति ।

# भानु नगरपालिका : सुशासन, ..........

कारबाहीसम्मका मापदण्ड लागू हुने नगरपालिकाले जनाएको छ।

**अनुगमन संयन्त्र र जवाफदेहिता**

यस्तै, सुशासन प्रवर्द्धनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा 'गभर्नेन्स प्रोमोशन कमिटी' गठन गरिने भएको छ । यसले आचारसंहिता कार्यान्वयन, वित्तीय व्यवहार र सेवा प्रवाहको गुणस्तरको नियमित अनुगमन गर्नेछ । उल्लंघनका घटनामा सम्बन्धित व्यक्तिमाथि कारबाही सिफारिस गर्ने अधिकार उक्त समितिलाई दिइने भएको छ ।

त्यस्तै, नगरपालिकाको आन्तरिक नियन्त्रण इकाईले लेखापरीक्षण, पूर्व-जाँच र जोखिम विश्लेषण गर्नेछ । नगर प्रमुख र उपप्रमुखको उपस्थितिमा त्रैमासिक रूपमा उच्चस्तरीय समीक्षा बैठक आयोजना गर्ने नीति नगरपालिकाले ल्याएको छ ।

**नागरिक सन्तुष्टि र प्रत्यक्ष संवाद प्रणाली**

सेवाग्राहीको सन्तुष्टि मापनका लागि फिडब्याक कार्ड र अनलाइन सर्वे प्रणाली लागू गर्ने जनाएको नगरपालिकाले प्रत्येक वडामा गुनासो पेटिका स्थापना गरी नागरिकले अनलाइनमार्फत पनि गुनासा पेश गर्न सक्ने व्यवस्था मिलाउने भएको छ ।

त्यस्तै, "हेलो मेयर/पिएओ कार्यक्रम" सुरू गर्ने, जसअन्तर्गत नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले प्रत्यक्ष नागरिकसँग संवाद गरी समस्या सुन्ने र तत्काल समाधानका पहल गर्ने व्यवस्था गरिने जनाइएको छ ।

**पारदर्शी मूल्याङ्कन र पुरस्कार प्रणाली**

यस्तै, कर्मचारी मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउँदै नगरपालिकाले कार्यसम्पादन, समयपालना र आचारसंहिता पालनाका आधारमा वार्षिक मूल्याङ्कन गर्ने नीति अपनाएको छ। उत्कृष्ट कार्यसम्पादन गर्ने शाखा वा कर्मचारीलाई "उत्कृष्ट शाखा/कर्मचारी पुरस्कार" प्रदान गरिने भएको छ ।

प्रत्येक आर्थिक वर्षको अन्त्यमा नगरपालिकाले "सुशासन प्रतिवेदन" प्रकाशन गर्ने र जसमा वार्षिक उपलब्धि, वित्तीय पारदर्शिता तथा सेवा प्रवाहको अवस्था समेटिने जनाइएको छ । नगर प्रमुख त्रिपाठीका अनुसार, भानु नगरपालिकाले सार्वजनिक गरेको यो नीति केवल कागजी दस्तावेज नभई व्यवहारमै सुशासन लागू गर्ने प्रारम्भिक कदमका रूपमा अगाडि बढाइने छ ।

'हामी पारदर्शिता, जवाफदेहिता र सेवा सुधारतर्फ गम्भीर रूपमा उन्मुख भएका छौं', नगर प्रमुख आनन्दराज त्रिपाठीले भने, 'अब नगरवासीले सेवा अनुभवमै परिवर्तन महसुस गर्नेछन् । सुशासन र वित्तीय अनुशासन प्रवर्द्धनका लागि विस्तृत कार्ययोजना सार्वजनिक गर्ने भानु नगरपालिका गण्डकी प्रदेशकै पहिलो स्थानीय तहमध्ये एक बनेको छ ।'

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईंको आज

**मेष**
नयाँ योजना सुरू गर्न अनुकूल समय छ। आत्मबल उच्च र हनेछ, काममा सफलताको सम्भावना प्रबल छ।

**वृष**
आज खर्चमा वृद्धि हुन सक्छ, तर आवश्यक कार्यका लागि हुने खर्च लाभदायी र हन्छ।

**मिथुन**
अध्ययनमा प्रगति हुनेछ, प्रतिस्पर्धात्मक क्षेत्रमा राम्रो प्रदर्शन गर्न सकिनेछ। प्रेम सम्बन्धमा मधुरता रहनेछ।

**कर्कट**
निर्णय गर्दा जल्दबाजी नगर्नुहोस्। परिवारमा सहयोग प्राप्त हुनेछ। स्वास्थ्यमा सामान्य समस्या देखिन सक्छ।

**सिंह**
आफन्त र मित्रको सहयोगले रोकिएका काम बन्नेछन्। आत्मविश्वास बढ्नेछ। समाजसेवा वा परोपकारी कार्यमा मन लाग्नेछ।

**कन्या**
कामको चाप बढ्न सक्छ। शारीरिक थकान महसुस हुने सम्भावना छ। स्वास्थ्यमा ध्यान दिनुहोस्।

**तुला**
प्रेम र सम्बन्धमा नयाँ ऊर्जा आउनेछ। कला, सञ्चार र लेखन क्षेत्रमा सफलता मिल्नेछ।

**वृश्चिक**
घरेलु वातावरण सुखद र हला। पुराना समस्या समाधान हुनेछन्। मान-प्रतिष्ठामा वृद्धि हुनेछ।

**धनु**
विद्यार्थी र अध्ययनरतका लागि शुभ दिन। नयाँ ज्ञान प्राप्त हुनेछ। लामो समयदेखि रोकिएको काम बन्नेछ।

**मकर**
नयाँ योजना वा सम्झौताबाट लाभ हुने संकेत छन्। दाम्पत्य सम्बन्धमा सामञ्जस्य बढ्नेछ।

**कुम्भ**
वैचारिक मतभेद समाधान हुनेछन्। मिहिनेत अनुसार फल प्राप्त हुनेछ। कार्यस्थलमा प्रशंसा पाउने सम्भावना छ।

**मीन**
आध्यात्मिक र रचनात्मक कार्यमा रूचि बढ्नेछ। आर्थिक पक्षमा सुधार आउनेछ।



## कृषि हाटबजारमा विद्यार्थी

तनहँको आँवुखैरेनी गाउँपालिकामा सञ्चालित कृषि हाटबजारमा कृषि हाटबजार सम्बन्धी जानकारी लिन आएका विद्यार्थीहरू । कृषि र हाटबजारका विषयमा गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले विद्यार्थीलाई जानकारी दिएका थिए ।

*तस्विर : भञ्ज्याङ*

# पर्यटनमार्फत समृद्धि खोजिरहेको लोपोन्मुख आठपहरिया समुदाय

सिर्जना राई/रासस

धनकुटा बजारबाट करिब पाँच किलोमिटर उकालो चढेपछि पुगिन्छ, सिप्तिङ गाउँ । धनकुटा नगरपालिका–३ मा पर्ने यो स्याउले सिप्तिङ गाउँमा आठपहरिया समुदायको बाहुल्य छ । संख्याका हिसाबले सानो तर सांस्कृतिक सम्पदामा समृद्ध आठपहरिया समुदायले सञ्चालन गरेको होमस्टे अहिले स्थानीय पर्यटनको नयाँ पहिचान बनेको छ । अरूण र तमोर नदीको बीचमा पर्ने धनकुटालाई आफ्नो उद्गम थलो मान्दै आएको यो सीमान्तकृत आदिवासी जनजाति 'आठपहरिया' यतिबेला पर्यटनमार्फत समृद्धि खोजिरहेको छ ।



स्याले सिप्तिङ गाउँ पुग्ने पर्यटकहरू पाहुना होइन परिवारका सदस्य बन्छन्। हरियाली डाँडामाथि, चिसो र निश्चल हावाको वेगसँगै सुनौला घामका किरणले यो गाउँको सुन्दरता अझ बढाउँछ । नेपालको जनगणना, २०७८ अनुसार आठपहरिया समुदायको सङ्ख्या पाँच हजार ८७८ जना छ । यो समुदायलाई होमस्टेमार्फत समृद्धिको यात्रामा हिंडाउने अग्रसरता भने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र कम्युनिटी होमस्टे नेटवर्कले गरेका थिए ।

साथै आतिथ्य सत्कार र क्षमता अभिवृद्धिका लागि नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)को सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनरूत्थानका लागि दिगो पर्यटन परियोजना (एसटीएलआरपी)ले संस्कृति प्रवर्द्धन गर्न धनकुटा नगरपालिकासँग सहकार्य गरेका थिए । यहाँ आउने पर्यटकको स्वागतमा होटलको औपचारिकता जस्तो नभई मौलिक संस्कृति झल्किन्छ । पाहुनालाई आमा तथा दिदीबहिनीहरूले रातो टीका, फूलको माला र मीठो मुस्कानले स्वागत गर्छन् ।

स्वागतमा स्थानीय मौरीको मह मिसाइएको पानी अनिवार्य जस्तै छ। एकैछिन थमाइ मारेपछि पाहुनालाई होमस्टे र समुदायको इतिहास, संस्कार र संस्कृतिसँग साक्षात्कार गराइन्छ । आठपहरिया समुदायले कसरी आफ्नो पहिचान र परम्परा जोगाउँदै पर्यटनलाई आत्मसात गरेका छन् भन्ने जानकारी दिइन्छ ।

स्याउले सिप्तिङ पुग्ने अधिकांशको ध्यान सुन्तला बगैंचाले तान्छ । पाहुनाहरु बगैंचामा रमाउँदै किसानसँग संवाद गर्छन् । सुन्तलाखेती, मह उत्पादन र स्थानीय बीउ संरक्षणबारे जानकारी लिन्छन् । यहाँको होमस्टेले पाहुनालाई केबल बास मात्र होइन, जीवनशैलीको अध्ययन र अनुभव पनि दिन्छ । गत वर्ष यस होमस्टेमा ७२ जना पर्यटकलाई स्वागत गरिएको होमस्टेका अध्यक्ष हिराबहादुर राईले बताउनुभयो। जसमा २४ जना विदेशी पाहुना थिए। यस वर्ष भने हालसम्म ८२ जना पर्यटक यहाँ आइपुगेको उहाँले बताउनुभयो ।

एकरातमा १७ जनासम्म पाहुनालाई बास दिनसक्ने गरी विकास गरिएको यस होमस्टेमा मनोरञ्जन, संस्कृतिको जगेर्ना र नयाँ पुस्तालाई आˆनो संस्कृतिबारे जानकारी गराउने उद्देश्यले हरेक बेलुका स्थानीय सांस्कृतीक नृत्यहरू प्रस्तुत गरिन्छ।

यहाँको अर्को आकर्षण हो, सातत‌ले झरना र गुफा । सामुदायिक होमस्टेबाट १५ मिनेटको सवारी यात्रा र करिब डेढ घण्टा पैदल यात्रा गरेपछि झरना देख्न पाइन्छ । झरना पुग्नुभन्दा एक किलोमिटर अगाडि नै सातत‌ले गुफा छ । यस क्षेत्रलाई पहुँचयोग्य बनाउन एसटीएलआरपीले पदमार्ग निर्माण गरिदिएको छ ।

आठपहरिया समुदाय नेपालको लोपोन्मुख जातिमा पर्छ । उनीहरूको आफ्नै भाषा, गीत, नृत्य र परम्परा छ । पछिल्लो समय आधुनिकतासँगै संस्कृति हराउने चिन्ता समुदायका हिराबहादुरलाई छ । उहाँ भन्नुहुन्छ, "हामीले त पुर्खाहरूबाट सिक्यौं । तर, नयाँ पुस्ताले आधुनिकतामा रमाएर आफ्नो संस्कृति छोड्दै जाँदा इतिहास नै मेटिन्छ कि जस्तो लाग्छ। त्यसपछि अहिले हामीले संस्कृति हस्तान्तरण र सिकाइका लागि हरेक साँझ सांस्कृतिक कार्यक्रमहरू गर्ने गरेका छौं ।"

उहाँले पर्यटनलाई संस्कृति संरक्षणको माध्यम बनाइरहेको पनि बताउनुभयो । होमस्टे यहाँ केबल व्यवसाय मात्र नभएर संस्कृति जीवित राख्ने माध्यम भएको उहाँको भनाइ छ । पाहुनाले यहाँ बास गर्दा केबल प्रकृति मात्र हेर्दैनन्, उनीहरु जीवनको एक पुरानो अध्यायसँग भेट गर्छन्, जहाँ सम्बन्ध, श्रम र माटोको गन्ध मिसिएको छ ।

यस परियोजनामा स्थानीय युवा सक्रिय छन् । उनीहरु पर्यटन व्यवस्थापन, पाहुना सेवा र गाइडिङमा दक्ष बन्दै गइरहेका छन् । तर, अझै सहज पहुँचका लागि होमस्टेसम्म जोड्ने बाटो बनाउन सहयोगका लागि सरकारसँग स्थानीय समुदायले आग्रह गरेका छन् ।

दीगो पर्यटन परियोजनाका अधिकृत खगेन्द्र खड्काले भन्नुभयो, "स्याउले सिप्तिङ सामुदायिक होमस्टेले नेपालमा सांस्कृतिक पर्यटनको नयाँ परिभाषा दिइरहेको छ । स्याउले सिप्तिङको साँझमा जब ढोल बज्छ र आठपहरियाहरु परम्परागत नृत्यमा रमाउँछन्, पाहुना पनि सँगसँगै नाच्छन् । त्यो क्षणमा संस्कृति, प्रकृति र मानवीय आत्मीयता एकै ठाउँमा मिसिएको अनुभव हुन्छ। यसले ग्रामीण अर्थतन्त्रमा सशक्त प्रभाव पार्ने मात्र नभएर संस्कृति जगेर्नामा पनि कोशेढुङ्गा सावित हुनेछ ।" रासस


## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि बिहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००) अपरेशन सेवाः सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००)

**अपरेशन सेवाः सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ
**पुनश्चः** शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन
**प्रदेश अस्पताल दमौली, तनहुँ**


## वर्षाले देशभर कृषि र ........

सबै पानीले भिजेर कुहिएको तथा वर्षाले धानबालीमा पुऱ्याएको क्षतिका कारण उत्पादनमा समेत कमी आउने प्रक्षेपण गरिएको सूचना अधिकारी जोशीले बताउनुभयो । उहाँका अनुसार काटेको धान उठाउन नपाउँदा ठूलो क्षति भएकाले सम्बन्धित किसानलाई आवश्यकताअनुसार सहयोग तथा सुविधा उपलब्ध गराइने छ ।

मल, बीउबिजन, प्रविधि, प्राविधिक सीपलगायत क्षेत्रमा सहयोग उपलब्ध गराउँदै आएको मन्त्रालयसँग पर्याप्त बजेट नभएकाले विपद् प्राधिकरणमार्फत एकद्वार प्रणालीबाट प्रभावित किसानलाई सहयोग प्रदान गरिने जोशीले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्षतिको तथ्याङ्कका आधारमा आगामी दिनमा थप सतर्कता तथा जोखिम न्यूनीकरणका उपायसम्बन्धी अध्ययन तथा अनुसन्धान गरी विस्तृत रूपमा योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।


**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाले सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ । साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक–क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ कात्तिक २३, आइतबार
November 09, 2025



**विपन्नलाई न्यानो कपडा** : तनहुँको व्यास नगरपालिका-११ तनहुँसुर, ओडारे राम्चेका विपन्न चेपाङ समुदायलाई शनिबार न्यानो कपडा वितरण गरिँदै । सामाजिक अभियान्ता सुदीप गफ्फारको नेतृत्वमा रू २० हजार बराबरको न्यानो कपडा वितरण गरिएको हो । *तस्बिर : भञ्ज्याङ*

# विभिन्न जातजातिको संस्कृतिको अध्ययन केन्द्र 'तनहुँ सङ्ग्रहालय'

**कृष्ण न्यौपाने**/दमौली

तनहुँमा बसोबास गर्ने विभिन्न जातजातिका संस्कृति, रीतिरिवाज अध्ययन गर्ने केन्द्र बनाउन तनहुँ सङ्ग्रहालय स्थापना गरिएको छ। नेपाल क्षेत्री समाज तनहुँको सक्रियतामा व्यास नगरपालिका-१ करङकाठस्थित समाजको भवनमा तनहुँ सङ्ग्रहालय स्थापना गरिएको हो । सङ्ग्रहालयमा तनहुँमा रहेका जातजातिका पहिरन, उनीहरूले प्रयोग गर्ने सामग्री राखिने सङ्ग्रहालय संयोजक देवीबहादुर बस्नेतले जानकारी दिनुभयो । तनहुँमा प्रमुख १६ जाति रहेकाले सङ्ग्रहालयमा ती सबै जातजातिका सामग्री राखिने बस्नेतले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यहाँ रहेका ब्राम्हण, क्षेत्री, दरै, कुमाल, बोटे, गुरूङ, राई, दुरा, दमै, कामी, सार्की लगायतले प्रयोग गर्ने पहिरन, उनीहरूले प्रयोग गर्ने सामग्री लगायत सबै सामग्री सङ्ग्रहालयमा राख्छौँ । यो सङ्ग्रहालय नयाँ पुस्ताका लागि पाठशाला बन्नेछ । सङ्ग्रहालय विभिन्न जातजातिका धर्म, संस्कृति, रीतिरिवाज अध्ययनको बृहत् केन्द्र बन्ने विश्वास गरेका छौं।"

संग्रहालयले विभिन्न जातजातिका रहनसहन, वेषभूषासँगै सम्पूर्ण दिनचर्याबारे जान्ने अवसर प्रदान गर्ने उहाँको भनाइ छ । बस्नेतका अनुसार जिल्लामा बसोबास गर्ने सबै जातजातिका समुदायमा पुगेर उनीहरूले प्रयोग गर्ने वस्तुहरू सङ्कलन गरी सङ्ग्रहालयमा राखिनेछ । उहाँले भन्नुभयो, "सम्बन्धित जातजातिका समुदायमा पुगेर त्यस्ता सामग्री सङ्कलन गर्छौं, सहयोगका लागि अपिल पनि गरेका छौँ । नपाइने सामग्री भने खरिद गरिनेछ ।"

सङ्ग्रहालय संस्कृति संरक्षणसँगै जिल्लाको पर्यटन प्रवर्द्धनका लागि पनि सहयोगी बस्नेतको विश्वास छ । उहाँका अनुसार सङ्ग्रहालयमा जिल्लाका ऐतिहासिक, पर्यटकीय गन्तव्यस्थलका बारेमा जानकारी दिने सामग्रीसमेत राखिएको छ ।

सङ्ग्रहालय स्थापनाका लागि गण्डकी प्रदेश सरकारले रू पाँच लाख बजेट सहयोग गरेको थियो। यस्तै नेपाल क्षेत्री समाज तनहुँले गत तिहारमा देउसीभैलो खेलेर रू चार लाख सङ्कलन गरेको छ। सङ्ग्रहालयमा राष्ट्रिय विभूतिका शालिकसमेत राखिने बस्नेतले बताउनुभयो ।

उहाँले भन्नुभयो, "देशका लागि विशेष योगदान दिने व्यक्तिहरूको पनि शालिक बनाउँछौं ।" संग्रहालय स्थापनाका लागि बजेट आवश्यकपर्ने भएकाले संघ, प्रदेश र स्थानीय सरकारसँग सहयोगको अपिल गरिने बस्नेतले बताउनुभयो।

संग्रहालयका सहसंयोजक तिलक चौहानले स्थानीय सरकारले सङ्ग्रहालयमा ध्यान नदिएकाले क्षेत्री समाजको परिकल्पनामा संग्रहालय बनाउन लागिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो सङ्ग्रहालय तनहुँको मात्र नभई देशैभरिको सङ्ग्रहालयको केन्द्र बन्ने विश्वास गरेका छौँ । सङ्ग्रहालय स्थापना भएको एक वर्ष पूरा भएको छ, तर यहाँ राखिने सामग्री सङ्कलनको कामलाई अब तीव्रता दिन्छौँ ।"

क्षेत्री समाज नेपाल तनहुँका सदस्य एवं सङ्ग्रहालयका सचिव रामचन्द्र अधिकारीले सङ्ग्रहालय स्थापनाका लागि सहयोग गर्न सबै जातजातिलाई आग्रह गर्नुभएको छ। उहाँले भन्नुभयो, "प्रत्येक टोल, गाउँ, वडासम्म पुगेर सामग्री सङ्कलनको अभियानमा जुट्दैछौँ ।"

नेपाल क्षेत्री समाज तनहुँका सचिव हरि कार्कीले समाजको सक्रियतामा सङ्ग्रहालय निर्माण गरिएपनि यसलाई सबै जातजातिको पहिचान झल्किने केन्द्र बनाइने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "सङ्ग्रहालयमा ऐतिहासिक, पुरातात्विक वस्तुको संरक्षण त हुन्छ नै सङ्ग्रहालय विद्यार्थीका लागि शैक्षिक अध्ययनको केन्द्र बन्नेछ ।" संग्रहालयसँगै यहाँ पुस्तकालय समेत बनाइएको छ। पुस्तकालयमा विभिन्न लेखकले लेख्नुभएको पुस्तक राखिएको छ । ती पुस्तकले तनहुँका ऐतिहासिक, सांस्कृतिकस्थलका बारेमा अध्ययन गर्न सकिनेछ । रासस



## सम्पदाको संरक्षण गरौं ।

- देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मुर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरू मुलुकको पहिचान हुन्, तिनीहरू प्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।

**हाम्रो सम्पदा, हाम्रो पहिचान । सबै मिली गरौं संरक्षण ॥**

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**Tara Nath Dahal**
x.com/tndahal7

ओली सरकारले सामाजिक सन्जाल अवरूद्ध गर्दा रास्वपा संसदमा बिपक्षी बेन्चमा नै थियो। हामीले बिरोधमा सडक संघर्ष गर्न निकै पटक गुहार गरेका थियौं तर सुनेन। मौन समर्थन गर्यो। संसदमा सुशासनका लागि होईन, एक वर्षदेखि रवि-रिहाई मात्र रास्वपाको एजेण्डा थियो। प्रतिवेदनमा जेनजी स्वामित्व आफ्नै रे !



**Bimal Pokharel**
x.com/bimalwin

हिल्टन होटल जलाउन फेक न्युजको कारखाना चलाएर पेट्रोल छर्केको देशद्रोही कुलंघारले पत्रकारिता गर्दैछ कि छोड्यो ? कि अझै युटुबमा थुतुनो देखाउँदैछ ? पैसा र विज्ञापन नदिएको आडमा उद्योगपति, व्यापारीका विरूद्धमा नक्कली समाचार बनाउने कुलंघारहरूलाई नलखेटेसम्म देशको पत्रकारिता सुद्रिन्न !



**Nirmala Dhakal**
x.com/Nirmaladhakal44

शान्तिपुर्ण आन्दोलनमा घुसपैठ भएको तपाईंहरूले मान्नुहुन्छ भने घुसपैठ रोक्न, ज्यान जोगाउन र सम्पदा मासिन नदिन प्रहरीले गोली चलायो भन्न उनीहरूले नपाउने हो र ? तपाईं र मलाई चित्त नबुझ्ला तर एउटा निकायको जिम्मेवार व्यक्तिले आफ्नो संस्था जोगाउने यसरी नै हो ।

# दभुङ चण्डी देवी सहकारीको अध्यक्षमा पुन: मोहन कुमार श्रेष्ठ

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका-५ स्थित दभुङ चण्डी देवी वहुउद्देश्यीय सहकारी संस्थाको चौथो साधारणसभा तथा दोस्रो अधिवेशनले अध्यक्षमा पुनः मोहन कुमार श्रेष्ठलाई चयन गरेको छ।

सहकारीको उपाध्यक्षमा तिर्थकुमार श्रेष्ठ, सचिवमा राजकुमार श्रेष्ठ (विवि), कोषाध्यक्षमा विष्णुमाया श्रेष्ठ र सहसचिवमा आश्विन किशोर श्रेष्ठ चयन भएका छन् । समितिका सदस्यहरूमा राजकुमार श्रेष्ठ, शिरबहादुर थापा, गोमा खनाल र रामबहादुर नेपाली रहेका छन्।

सहकारीको लेखा समिति संयोजकमा वविन्द्र खनाल, सदस्यहरूमा आनन्दकुमार श्रेष्ठ र विरेन्द्र श्रेष्ठ चयन भएका छन्।

सहकारीका अध्यक्ष मोहन कुमार श्रेष्ठले अध्यक्षतामा आयोजित साधारणसभा तथा अधिवेशन उद्घाटन समारोहमा व्यास-५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठ ( हिमाल)ले सहकारीहरूले आफ्नो मूल उद्देश्य, मूल्य र मान्यता अनुसार काम गर्नुपर्नेमा जोड दिए। उनले समुदायमा रहेको स-साना पूँजीलाई एकीकृत गरी व्यावसायिकरूपमा अघि बढाउने माध्यमका रूपमा सहकारीको महत्व औंल्याउँदै भने, "सहकारीले सदस्यको हक-हित सुरक्षित गर्दै समाजमा सकारात्मक योगदान पुऱ्याउनुपर्छ ।"

उनले पछिल्लो समय केही सहकारीहरू मूल मान्यता विपरीत चलेर समस्या सिर्जना गरेको उल्लेख गर्दै दभुङ चण्डी देवी सहकारीले उत्पादन र कृषि क्षेत्रमा दिएको प्राथमिकता सराहनीय भएको बताए।

सो अवसरमा सहकारीका संस्थापक अध्यक्ष काजीमान श्रेष्ठले सहकार्य र एकताको माध्यमबाट सहकारीले समाजमा सकारात्मक सन्देश दिनुपर्नेमा जोड दिए।

कार्यक्रममा मानुङ बचत तथा ऋण सहकारीका अध्यक्ष रामकाजी श्रेष्ठ, समाजसेवी यज्ञ प्रसाद खनाल, चापाघाट टोल विकास संस्थाका अध्यक्ष नरबहादुर थापा, सत्य प्रसाद खनाल, दिदीबहिनी आमा समूहकी अध्यक्ष प्रतिमा खनाललगायतले शुभकामना मन्तव्य दिएका थिए ।

साधारणसभामा सहकारीकी कोषाध्यक्ष ताराकुमारी श्रेष्ठले आर्थिक प्रतिवेदन, लेखा संयोजक विष्णुप्रसाद श्रेष्ठले लेखा प्रतिवेदन र ऋण संयोजक पदमकुमार श्रेष्ठले ऋण प्रतिवेदन प्रस्तुत गरेका थिए।



भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४